## बैठक संख्या : ३

आज मिति २०७६/१२/२५ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Crisis Management Center** जिल्लागत संरचनाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कास्की | संयोजक |
| श्री मदनजंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण कास्की | सदस्य |
| श्री भूमी पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| डा.अर्जुन आचार्य | निर्देशक | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री वावुराम आचार्य | प्रमुख | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |
| श्री जयराम पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका | सदस्य |
| श्री श्रीनाथ पौडेल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री गुरुदत्त ढकाल | स.प्र.जि.अ | जिल्ला प्रशासन कार्यालय, कास्की | आमन्त्रित |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय कास्की | आमन्त्रित |

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

निर्णयहरु :

१. जिल्ला स्थित स्थानीय तहहरुले व्यवस्था गरेका क्वारेन्टाइन कक्षहरुमा रहेका व्यक्तिहरु, उनीहरुको स्वास्थ्य अवस्था लगायतका विषयमा छलफल गरियो ।स्थानीय तहहरुमा Quarantine मा बसेका व्यक्तिहरुको संख्यात्मक विवरण देहाय बमोजिमका रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine मा बसेका व्यक्तिको संख्यात्मक विवरण । | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १०० | ४ | १२ | १६ |
| २. | अन्नपूर्ण गाउँपालिका | २०५ | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १५ | - | - | - |
| ४. | मादी गाँउपालिका | २० | - | - | - |
| ५. | रुपा गाँउपालिका | २० | - | - | - |
| | जम्मा | ३६० | ४ | १२ | १६ |

२. कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य समुहको मिति २०७६।१२।२५ को पत्र प्राप्त भई बैठकमा छलफल हुदाँ देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. नेपाल सरकारको मिति २०७६।१२।०९ र १६ गतेको निर्णय बमोजिम जारी आदेश कार्यान्वयनको क्रममा सडकमा खटिएका सुरक्षाकर्मीहरुलाई सावधानीका पूर्ण उपायलाई अवलम्बन गर्ने व्यवस्था जिल्लास्थित सुरक्षा निकायहरुले मिलाउने ।

ख. COVID-19 को संक्रमणबाट बचनको लागि आदेश जारी भएको समयमा राहत वितरण गर्न अनावश्यक भीड जम्मा नगर्ने, लगतको आधारमा घर घरबाटै वितरण गर्ने व्यवस्था गर्ने, वितरण स्थलबाट नै गर्नुपर्ने भएमा खुल्ला चौरमा न्यूनतम १ मिटरको दूरी कायम गरेर मात्र वितरण गर्ने व्यवस्था सबै स्थानिय तहहरुले मिलाउने । सो बिषयको नियमित अनुगमन र निगरानी कास्की जिल्लास्थित CMC ले गर्ने ।

ग. कास्की जिल्लाका स्थानीय तहहरुसँग समन्वय गरी जिल्लामा स्थानीय आवश्यकता र उपलब्धताको विश्लेषण गरेर तरकारी, फलफूल तथा कृषिजन्य उपजहरुको बिक्रि गर्ने विन्दुहरुमा सावधानीका शर्तहरुको पूर्ण पालना गरेर मात्र बिक्री वितरणको व्यवस्था स्थानीय तह तथा सोको अनुगमन र निगरानी जिल्लास्थित सुरक्षा निकायहरुले मिलाउने ।

घ. क्वारेन्टाइनमा रहेका नागरिकहरुको १४ दिन वा सो भन्दा बढी क्वारेन्टाइनमा बसीसकेका व्यक्तिहरुका बारेमा CMC मा छलफल गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा मात्र RDT/SWAP लिएर वा नलिएर छाड्ने वा नछाड्ने विषयमा कारबाही गर्ने गराउने व्यवस्था मिलाउने ।

ङ. कास्की जिल्लामा COVID-19 को कोषमा रकम जम्मा गर्न कुनै स्थानीय तहहरुले कर्मचारी, सुरक्षाकर्मी लगायत राष्ट्रसेवक कर्मचारीहरुलाई मौखिक वा लिखित दवाव दिने गरेको पाइएमा त्यस्ता कामहरु हुन नदिन स्थानीय तहहरुसँग समन्वय गरी कडाईका साथ नियन्त्रण गर्ने ।

च. COVID-19 सँग सम्बन्धित विषयहरुलाई उच्च प्राथमिकतामा राखी विस्तृत छलफल, विश्लेषण गरी कार्यान्वयन गर्ने व्यवस्थालाई अनिवार्य गर्ने ।

३. पोखरा महानगरपालिकास्थित कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र डुम्रिकोटमा सञ्चालित क्वारेन्टाइनमा बसेका १६ जना व्यक्तिहरुको बसाई अवधि १४ दिन पूरा भएकोले COVID-19 परिक्षण गर्दा सबैको Negative नतिजा आएमा ७ दिन अनिवार्य होम क्वारेन्टाइनमा बस्ने शर्तमा हस्ताक्षर गराई सम्बन्धित स्थानीय तहसँग समन्वय गरी क्वारेन्टाइनबाट छाडिदिने । यसरी छाडिएकाको हकमा आवश्यक अनुगमन, निरिक्षण गर्न सम्बन्धित जिल्ला र स्थानीय तहलाई समेत अनुरोध गर्ने ।

४. कास्की जिल्लामा संचालनमा रहेका सरकारी र निजी गरी ४ वटा अस्पतालहरुको ज्वरो क्लिनिक, Pre Isolation , Isolation व्यवस्थापन, एम्बुलेन्स सेवाका साथै नियमित सेवा प्रवाहका सम्बन्धमा कास्की जिल्लाको कोभिड कमाण्ड पोष्टबाट अनुगमन निरिक्षण गरि थप सुधारका लागि आवश्यक निर्देशन गरियो।

२०७६/१२/२५